# स्वास्थ्य संस्थाको सामाजिक परीक्षण कार्यक्रम सम्पन्न प्रतिवेदन

## १, पृष्ठभूमि

नेपालको संविधानले “प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन” र “प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ” भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकभित्र समावेश गरेको छ । मुलुकमा लोकतन्त्रको बहालीसँगै आमजनताले राज्यसँग गर्ने अपेक्षा अत्यधिक मात्रामा वृद्धि हुनुका साथै नागरिकको चेतनास्तरमा भएको विकासका कारण सार्वजनिक सेवाप्रवाहलाई नागरिकको हित अनुकूल जवाफदेही बनाउनुपर्ने आवश्यकता टड्कारो देखिन्छ । लोकतान्त्रिक शासन पद्धतिले नागरिकको सार्वजनिक सेवाप्रतिको चासो र जनस्तरबाट गरिने यसको अनुगमनलाई थप प्रभावकारी बनाउन बल पु¥याएको छ ।

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६३ तथा नियमावली २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६३, स्वास्थ्य क्षेत्रका नीति तथा रणनीति, जनस्वास्थ्य ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४, स्वास्थ्य संस्थाका लागि निर्धारित न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा नेपालको संविधानको अनुसूचीमा उल्लेख भए अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची बमोजिम स्थानीय तहमा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा सेवाप्रवाहलाई सहभागिता मूलक एवम् योजनाबद्ध तबरले लेखाजोखा र परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि सामाजिक जवाफदेहिता मार्गदर्शनको अभिन्न अङ्गका रुपमा यो कार्यक्रम रहेको छ । खासगरी संघात्मक शासन व्यवस्थाअनुकूल स्थानीय तहमा आधारभूत एवम् अपरिहार्य सार्वजनिक सेवाका रूपमा रहेको स्वास्थ्य सेवामा आमनागरिकको पहुँच र संलग्नतालाई अभिवृद्धि गर्दै स्वास्थ्य क्षेत्रका सामाजिक परीक्षणको प्रक्रियालाई अझ प्रभावकारी बनाउनका लागि मद्दत गर्दछ ।

नेपालको संविधानले जनताको मौलिक हकको रूपमा स्थापित गरेको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको हकलाई स्थानीय तहमा साकार बनाउन, स्वास्थ्य सेवामा आमजनताको पहुँच अभिवृद्धि गर्न तथा स्वास्थ्य सेवाको प्रवाहसम्बन्धी जिम्मेवारीलाई जवाफदेही तरिकाले पूरा गर्ने व्यवस्था सुनिश्चित गर्ने उद्देश्यले स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्ने गरिन्छ । यसका साथै स्वास्थ्य सस्थावाट प्रदान गरिने सेवा सुविधा र सेवा  प्रदायक निकाय वा संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, श्रोत परिचालन, अनियमितता, पारदर्शिता र प्रभावकारिताबारे सम्बन्धित सेवाग्राही, सेवा प्रदायक/व्यवस्थापक पक्ष  र त्यस विषयसँग जोडिएका अन्य सरोकारवालाहरुका धारणा संकलन गर्ने, संकलित धारणा तथा सुचनालाई विश्लेषण गरी प्राप्त भएका उपलब्धि/परिवर्तन तथा सुधारात्मक पक्षहरुलाई पारदर्शी रुपमा तेश्रो पक्षद्धारा लेखाजोखा गरी यथार्थ विवरण आमभेला मार्फत सार्वजनिक गरी उठेका सवालमा सहभागितात्मक रुपमा समीक्षा गरी राम्रा पक्षको निरन्तरता र सुधार गर्नुपर्ने सवालका लागि जिम्मेवारी सहितको कार्ययोजना निर्माण गरी स्वास्थ्य सेवामा प्रभावकारिता बढाउन सरकारी पक्षवाट तयार भएको सामाजिक परीक्षण कार्य सञ्चालन गर्ने गरिन्छ । सुशासनका विविध पक्षहरुलाई समेटेर लोकतान्त्रिक अभ्यास सहित स्वास्थ्यकर्मी स्वास्थ्य संस्थाका अगुवा र आम नागरिकहरुलाई स्वास्थ्य संस्था र सेवाकाबारेमा सहभागितामुलक पद्धतिको माध्यमबाट पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्वका सवालमा दायित्वबोध गराउन कार्यक्रम आयोजना गरिएको हो ।

## २, स्वास्थ्य संस्थाको सक्षिप्त जानकारी :

पाल्पा जिल्ला सदरमुकाम तानसेनदेखि १२ किलोमिटर पश्चिममा रिब्दीकोट गाउँपालिकाको वडा नम्बर ३ मा खस्यौली रहेको छ । खस्यौलीसँग पुर्वमा भैरवस्थान दक्षिणमा कुसुमखोला पश्चिममा देउराली र उत्तरमा तानसेन नगरपालिकाको १२ नम्बर बौघापोखराथोक पर्छ । जिल्ला सदरमुकाम तानसेनदेखि नजिक रहेको छ भने यहाँको प्रमुख व्यापारिक स्थान हार्थोक बजार र जिल्ला सदरमुकाम तानसेन बजार हो । शिक्षा हासिल गर्नका लागि खस्यौलीका विद्यार्थी खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र नजिक रहेको विद्यालय तथा तानसेन सदरमुकाम जाने गरेको पाईन्छ । खस्यौलीमा ब्राम्हणका साथै मगर जातीको बाहुल्यता रहेको भए पनि सबै जातजाती र धर्मको सहभागिता रहेको पाईन्छ । जिल्लाको सदरमुकाम तानसेनदेखि १२ किलोमिटर टाढा भएकोले पनि यहाँसम्म आवतजावतका लागि सडकको सुविधा रहेको छ ।

जसले गर्दा यातायातको साँझ बिहान, दिउँसो सुविधा राम्रो छ । हार्थोक बजार हुँदै गुल्मी, बाग्लुङ, अर्घाखाँचीका विभिन्न भाग जाने सवारी साधनसमेत यहाँबाट चल्नेगर्छ । यहाँका जनता विरामी भएको समय स्वास्थ्य उपचारको लागि सबैभन्दा पहिले खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा जाने गरेको पाईन्छ । यहाँ रिब्दीकोट गाउँपालिकाका प्राय सबै वडाबाट ल्याब सेवा, स्वास्थ्य बीमा लगायतका सेवा लिनका खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा आउने गरेका छन् । कतिपय सदरमुकाम तानसेनका पाल्पा अस्पताल, लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल लगायत निजी मेडिकलमा औषधि उपचारका लागि जाने गरेको पाइन्छ । आफ्नै सुविधा सम्पन्न भवन भएको यस स्वास्थ्य संस्थामा सबै टोलको पायक पर्ने स्थानमा भएको र तोकिएका दरबन्दी अनुसारका स्वास्थ्यकर्मीको पूर्णता रहेको छ ।

भवन निर्माणका लागि जग्गा पर्याप्ट रहेको छ । यस स्वास्थ्य संस्थाको स्थापना २०५३ सालमा भएको हो । ९ रोपनी जग्गामा सुविधा सम्पन्न भवन निर्माण गरिएको छ । यस स्वास्थ्य संस्था अन्तर्गत तीन वटा गाउँघर क्लिनिक र चार वटा खोप केन्द्र संचालनमा रहेको छ । यहाँको जनसंख्यामा २०१८ रहेको छ । स्वास्थ्य संस्थामा विभिन्न भौतिक तथा मानवीय स्रोतको अभाव देखिएको छैन । उपलब्ध स्रोत र साधनको प्रयोग गरी खस्यौली स्वास्थ्य केन्द्रको स्वास्थ्य सेवा उपलव्धतामा कुनै कमी भएको देखिदैन । समग्र स्वास्थ्य संस्थालाई राम्रो स्वास्थ्य संस्था बनाउनका लागि स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था व्यवस्थापन समिति, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका र आम जनताको सहभागितामा स्वास्थ्य संस्थाको गुणस्तरीयतामा सुधार गर्न लागि परेको देखिन्छ ।

## ३ कार्यक्रमको उद्देश्य

सामाजिक परीक्षणका मुख्य उद्देश्यहरु निम्नलिखित रहेका छन ।

- ➢ स्वास्थ्य संस्थाहरूलाई सर्बसाधारणहरू प्रति बढी उत्तरदायी, पारदर्शी र जनताको चासो प्रति बढी जवाफदेही र सम्वेदनशिल बनाउनु हो ।
- ➢ स्वास्थ्य क्षेत्रवाट प्रदान गरिने विभिन्न सेवाहरू र सामुदायिक स्वास्थ्य सम्बन्धी क्रियाकलापहरूलाई बढी पारदर्शी बनाउने ।
- ➢ आम नागरिकहरूको प्रत्यक्ष सहभागिताका आधारमा स्वास्थ्य सेवाका कार्यक्रमहरु प्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।
- ➢ स्वास्थ्य सेवा प्रदायक निकायहरूलाई आम नागरिकहरू प्रति बढी जवाफदेही बनाउने ।

- आम नागरिक र स्वास्थ्य सेवा प्रदायक निकायहरूबीच खुल्ला रूपमा सही सूचना आदान प्रदान, विविध विषयमा वहस र नियमित सम्वादको संस्कार स्थापित गर्ने ।
- आम नागरिकहरूमा स्वास्थ्य सम्बन्धी सूचना माग गर्ने र सेवा प्रदायकहरूमा सुचना प्रवाह गर्ने संस्कार स्थापित गर्ने ।
- सम्वन्धित सेवाग्राही, सरोकारवालाहरु तथा स्वास्थ्य प्रदायक संस्था विच समन्वयात्मक भावनाको विकास गराउने ।

**४ सामाजिक परीक्षणको अवधि : २०८१ बैशाख १७ गतेदेखि २५ गतेसम्म**

**५ सामाजिक परीक्षणमा प्रयोग भएका विधि तथा प्रक्रिया :**

स्वास्थ्य संस्थाको सामाजिक परीक्षण कार्य संचालन गर्नका लागि निम्नानुसारका विभिन्न विधिहरु अवलम्वन गरिएको थियो ।

- पूर्व तयारी, भेटघाट, सम्पर्क र समन्वय ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन समिति र स्वास्थ्यकर्मीबीच अभिमुखीकरण बैठक ।
- स्वास्थ्य संस्थाको अवलोकन
- सुत्केरी आमा, सेवाग्राहीसँगको भेटघाट
- सूचना तथा जानकारी संकलन ।
- सूचनाको बिश्लेषण ।
- सूचना बिश्लेषणबाट प्राप्त नतिजाबारे सरोकारवालासँग छलफल
- सर्वपक्षीय आमभेला ।
- कार्य योजना निर्माण ।

**६ सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलापहरु**

- सम्पर्क र सम्बन्ध विस्तार
- स्वास्थ्य संस्था, व्यवस्थापन समिति, स्वास्थ्यकर्मीसंगको अन्तरक्रियात्मक बैठक
- स्वास्थ्य संस्थाको अवलोकन
- सूचना संकलन
- सेवाग्राहीसंग भेटघाट
- बन्चितिमा परेको समुदाय र स्वास्थ्य संस्था नजिक भएका नागरिकसँग छलफल ।
- आमभेला ।
- एक वर्षे कार्ययोजना निर्माण

## ७. सामाजिक परीक्षणबाट प्राप्त नतिजाहरु

१. सवल पक्षहरु

क, जनशक्ति, पूर्वाधार र औजार सम्पन्न भएको ।
ख, जनशक्ति व्यवस्थापन पर्याप्त छ भने औषधिको सहज आपुर्ति
ग, चौबिसै घण्टा एम्बुलेन्स र स्वास्थ्य सेवा
घ, निःशुल्क औषधि र सेवाको उपलब्धता
ङ, आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन सेवा, खोप सेवाको उपलब्धता
च, गाउँघर क्लिनिक र स्वास्थ्य इकाईबाट सेवा प्रवाह
छ, डेंगु परीक्षण सेवा
ज, एक वर्ष १८४५५ जनालाई

२. सुधार गर्नुपर्ने पक्ष

क, भौतिक पूर्वाधार व्यवस्थापनमा सुधार गर्नुपर्ने
ख, स्तनपान कक्षको व्यवस्थापन गर्नुपर्ने
ग, निःशुल्क स्वास्थ्य सेवाको सचेतना जगाउनुपर्ने
घ, गाउँपालिकाले पोषण सहायता रकम तत्काल भुक्तानी गर्नुपर्ने
ङ, प्रसुति सेवा लिने आमाहरुको सूचनापाटीमा सार्वजनिक गर्नुपर्ने
च, नागरिक वडापत्र सबैले देख्नेगरी  र औषधिको विवरण टाँस गर्नुपर्ने
छ, ह्वीलचियरका लागि पूर्वाधार व्यवस्थापन गर्नुपर्ने

३. स्वास्थ्य सेवा प्रवाहका लागि भएका उदाहरणीय कार्यहरु

क, नेपाल सरकारले उपलब्ध गराएको निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएको ।
ख, सुविधा सम्पन्न भवन
ग, नियमित बैठक
घ, स्वास्थ्य सचेतना
ङ, स्वास्थ्य स्वयंसेविकाको गाउँ अभियान
च, ल्याब सुविधा भएको
छ, स्वास्थ्य बीमा सुविधा र धेरै सेवा ग्राहीको पहुँच

## ८. आमभेलाको आयोजना तथा सञ्चालन

स्वास्थ्य संस्थाको सामाजिक परीक्षणका क्रममा अवलोकन, छलफल तथा प्रत्यक्ष सेवाग्राहीसंग भेटघाट गरी संकलन गरिएको सूचना विश्लेषणका लागि विभिन्न विधिहरु अपनाइएको थियो । स्थानीय समुदाय, आमा समूह, सेवाग्राही तथा स्वास्थ्यकर्मीहरुवाट प्राप्त सूचनाको संकलन, अध्ययन तथा विश्लेषण पश्चात प्राप्त नतिजाहरुलाई आमभेलाको आयोजना गरी प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षणबाट प्राप्त प्रारम्भिक नतिजाहरुको सार्वजनिकिकरण गर्नु । उपलब्ध स्वास्थ्य सेवाहरुमा सर्वसाधारणको पहुँच,

गुणस्तर, प्रभावकारिता र स्वास्थ्य संस्थाको जवाफदेहीताको बारेमा सहभागीहरुको राय, सुझाव र प्रतिक्रियाहरु संकलन गर्नु । सेवाको गुणस्तर, पहुँच र प्रभावकारीताको सुनिश्चित गर्न उठेका सवालहरुको सम्बोधनका लागि कार्य योजना बनाउनु । कार्य योजना प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि सम्बन्धित सबैको प्रतिबद्धता सुनिश्चित गर्न आमभेला सञ्चालन गरिएको हो । सो भेलामा यस वडाका ८६ जना सरोकारवालको सहभागिता रहेको थियो ।

## ९ आमभेलामा उठेका प्रश्न तथा जिज्ञासाहरू सहित सम्बोधन गर्नुपर्ने सवालहरू :

- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा नयाँ एम्बुलेन्स व्यवस्था हुनुपर्ने
- ह्वीलचियरका लागि भौतिक पूवार्धार निर्माण गर्नुपर्ने
- पर्याप्त अक्सिजन सिलिण्डरको व्यवस्था गर्नुपर्ने
- स्वास्थ्य केन्द्रसम्म पहुँचमार्ग अझ सुधार हुनुपर्ने
- पोषण सहायता रकम तत्काल उपलब्ध गराउनुपर्ने
- मौसम अनुसारको स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने
- सुविधा सम्पन्न नयाँ भवन निर्माण गर्नुपर्ने
- औषधि पर्याप्त उपलब्ध हुनुपर्ने

## १० सामाजिक परीक्षणले उठाएका मुद्दाका बारेमा जिम्मेबार निकायको प्रतिक्रिया र प्रतिबद्धता

खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रबाट प्राप्त सेवा सुविधालाई आमनागरिक समक्ष सहज ढंगले पुर्‍याउन आफूहरु उपलब्ध स्रोत र साधनलाई प्रयोग गरी खटेको बताएका छन् । आमभेलामा उठेका सवालहरु महत्वपूर्ण रहेको बताउँदै नेपाल सरकारले व्यवस्था गरेको सबै खाले सेवा र काम पूरा गर्नुपर्नेमा खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख, व्यवस्थापन समिति प्रतिबद्ध भएका छन् । साथै सीमित स्रोत साधन भएका कारण केही गर्नैपर्ने कामहरु गर्न नसकिएकाले आगामी दिनमा व्यवस्थापन समिति, गाउँपालिका, वडा कार्यालयको समन्वयमा सेवाग्राहीबाट उठेका सवालहरु सम्बोधनका लागि आफूहरु प्रतिबद्ध रहेको बताउनुभएको छ । साथै व्यवस्थापन समिति र स्वास्थ्य संस्था प्रमुखले पनि तत्काल हुन सक्ने कामहरु तुरुन्तै गर्ने र अरु काम क्रमिक रुपमा सम्बन्धित निकायसँगको समन्वयमा सम्पन्न गर्नका लागि पहलकदमी लिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।